नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

## प्रमुख जिल्ला अधिकारीबाट कोभिड -१९ सङ्क्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी जारी भएको आदेश ।

हाल विश्वभर फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड - १९ संक्रमण यस जिल्लामा समेत देखिन थालेकोले नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७८।१।६ को बैठकको निर्णयानुसार मिति २०७८।०१।०७ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), कपिलवस्तुको निर्णय तथा संक्रामक रोग ऐन, २०२० को दफा (२) को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम देहायको आदेश जारी गरिएको छ ।

१. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने, कोभिड-१९ बाट संक्रमित पाइएमा र विद्यालय सञ्चालन गरिरहँदा थप संक्रमित हुने अवस्था देखिएमा सम्बन्धित स्थानीय तहले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी निश्चित अवधिसम्म विद्यालय बन्द गर्ने निर्णय लिने र भर्चुअल कक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

२. देहायका सेवा तथा कार्यहरु २०७८ बैशाख मसान्तसम्म बन्द गर्ने ।

- सिनेमा हल, पार्टी प्यालेस, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने ।
- जनस्वास्थयका मापदण्ड पालना गर्ने गरी नियमित हुने नित्य पूजा, ध्यान र प्रार्थना बाहेक मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरुमा भीडभाड नगर्ने ।

३. एक पटकमा २५ जना भन्दा बढी हुन नहुने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने ।

४. मेला, महोत्सव, जात्रा, पर्व ,विवाह, न्वारन, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थयका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिएर मात्र २५ जनामा नबढ्ने गरी गर्ने ।

५. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

६. सार्वजनिक यातायात सञ्चालन गर्दा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने, चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने, सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नुपर्ने, सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा वा सहचालकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनुपर्ने, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने, लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने ।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

७. सार्वजनिक निकाय,पसल, व्यवसाय तथा अन्य सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने मास्क लगाएर मात्र व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न दिने व्यवस्था मिलाउने।

८. होटेल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गर्ने गराउने।

९. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।

१०. अत्यावश्यक काम नपरी अनावश्यक रुपमा घर बाहिर हिडडुल नगर्ने, घर बाहिर निस्कँदा सार्वजनिक स्थल कार्यालय, पसलमा जाँदा अनिवार्य मास्क लगाउने, प्रयोग गरिएका मास्क जथाभावी नफ्याँक्ने सुरक्षित डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने। विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने। पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाव दिए पछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने, अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने, होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

११. छिमेकी राष्ट्रको सीमा क्षेत्रका बजारहरुमा किनमेल गर्न जाँदा कोभिड-१९ को जोखिम अझै बढ्ने हुँदा नजान सर्वसाधारणलाई अनुरोध गरिन्छ, साथै सीमा क्षेत्रमा संक्रमित बढेको पाइएमा किनमेल गर्न जान आउन निषेध गरिनेछ।

१२. उल्लेखित आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुने र अवज्ञा गर्ने जोसुकैलाई संक्रामक रोग ऐन २०२०, र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम सजाय हुने।

मिति २०७८।०१।०८

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी